संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - ४१

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:१५ बजे*
*बैठक स्थगित : १:०० बजे*

२०७९ साउन ९, सोमबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **एकचालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति प्रदान गर्नुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खांणले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनुहुने सदस्यहरूलाई सयम उपलब्ध गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो :

- मा. देवेन्द्र दाहाल
- मा. डा. विमला राई पौडयाल
- मा. दिल कुमारी रावल थापा (पार्वती)
- मा. खिमलाल देवकोटा
- मा. नरायणकाजी श्रेष्ठ
- मा. प्रमिला कुमारी
- मा. सुमित्रा बि.सी.
- मा. भगवती न्यौपाने
- मा. इन्दिरादेवी गौतम
- मा. गोपाल भट्टराई
- मा. तुल प्रसाद विश्वकर्मा
- मा. तुलसा कुमारी दाहाल
- मा. गंगा कुमारी बेलबासे
- मा. राजेन्द्र लक्ष्मी गैरे
- मा. अनिता देवकोटा
- मा. जयन्ती देवी राई
- मा. जितेन्द्र नारायण देव
- मा. सुरेश कुमार आलेमगर
- मा. रामचन्द्र राई
- मा. डा. बेदुराम भुसाल
- मा. मदन कुमारी शाह (गरिमा)
- मा. गोपी बहादुर सार्की आच्छामी
- मा. नर बहादुर विष्ट
- मा. गोमादेवी तिमल्सिना
- मा. रमेशजङ्ग रायमाझी
- मा. शेखर कुमार सिंह
- मा. भुवन बहादुर सुनार
- मा. बामदेव गौतम
- मा. नन्दा चपाई

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय गृह मन्त्री बालकृष्ण खांणलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

माननीय मन्त्रिले जवाफ दिए लगत्तै सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले सर्वसम्मतिले स्वीकृत गरेपछि सम्माननीय अध्यक्षले सोको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरुले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने बेहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल साउन १२ गते बिहीबार बिहान ११:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव